दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २८१ | बुटवल | २०८२ असोज ३१ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday October 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## भयरहित चुनावको वातावरण बनाउन कांग्रेस नेताको माग

बुटवल। नेपाली कांग्रेसको केन्द्रीय समितिको बिहीबार दिउँसो बसेको केन्द्रीय समितिको बैठकमा निर्वाचनमा कुनै पनि भयबिना भाग लिने वातावरण बनाउनुपर्ने धारणा नेताहरुले राखेका छन्। साथै बैठकमा संसद पुनः स्थापना बारेमा पनि केही सदस्यहरुले आफ्ना धारणा राखेका थिए।

कार्यवाहक सभापति पूर्णबहादुर खड्काले वर्तमान अवस्थाबारे बैठकमा जानकारी गराएका थिए। पार्टीको नियमित महाधिवेशन नै अघि बढाउने र विशेष महाधिवेशनको एजेण्डा केन्द्रीय समितिको बैठकमा नरहेको नेता महतले स्पष्ट पारे। उनले आम निर्वाचन र पार्टीको अधिवेशनबारे प्रश्न उठाएको जिकिर गरे। बैठकमा कार्यतालिका प्रश्ताव अहिलेसम्म नगरिएको पनि जानकारी दिए।

बैठकपछि बोल्दै नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले जेनजी आन्दोलनका क्रममा भदौ २३ र २४ गते भएको घटनाको जरैदेखि छानबिन हुनुपर्ने धारणाहरू आएको बताए। साथै अबको दिनमा कांग्रेस कसरी अघि बढ्ने भन्नेबारेमा सुझावहरू आएको जनाए।

नियमित अधिवेशन गर्न नसक्ने भए विशेष महाधिवेशन गर्नुपर्ने उनको भनाइ थियो। नियमित अधिवेशन मंसिरभित्रै गर्नुपर्नेमा केसीले जोड दिए। संसद पुनःस्थापनातिर लाग्न नहुने उनको भनाइ थियो।

## एमाले बैठकमा के भयो ?

बुटवल। नेकपा एमालेको केन्द्रीय कमिटी बैठकको दोस्रो दिन १ सय ४६ जना केन्द्रीय सदस्यहरूले आफ्ना धारणा राखेका छन्। केन्द्रीय सदस्यहरूले अध्यक्ष केपी शर्मा ओलीलाई गल्ती स्विकारेर नेतृत्व छाड्न र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता खुलाउन दबाब दिएका छन्।

जेनजी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रम समीक्षा गर्न र पार्टीको धारणा बसाल्न राखिएको एमाले केन्द्रीय समितिको दोस्रो दिनको बैठकमा कतिपय केन्द्रीय सदस्यहरूले जेनजीका मागमा गम्भीर हुन मात्र भनेनन्, नेतृत्व नै छाड्न भने।

केन्द्रीय सदस्य युवराज बास्कोटाले पार्टीमा पटक-पटक अवसर लिने नेताबाटै समस्या सिर्जना भएको बताए। कुनै राजनीतिक दल र संगठित संघसंस्था नभए पनि जेनजी पुस्तालाई गाली होइन, उनका मुद्दालाई सम्बोधन गर्न उनले नेतृत्वको ध्यानाकर्षण गराए।

उनले सुशासन प्रत्याभूतिको अभाव, नियमनमा कमजोरी, नियन्त्रणबाहिर देखिएको भ्रष्टाचार र अभिव्यक्ति स्वतन्त्रताको विषय एमाले नेतृत्वको सरकारकै पालामा किन उठ्यो भन्ने प्रश्न गरे। यसको राजनीतिक उपचार गर्नुपर्ने र साझा संकल्प अघि सार्नुपर्नेमा पनि जोड दिए।

पार्टीमा बृहत् एकताको खाँचो औंल्याउँदै उनले पूर्वउपाध्यक्ष विद्यादेवी भण्डारीको पार्टी सदस्यता कायम राख्न र सम्मानजनक ढंगले पार्टी काममा फर्काउन ढिला गर्न नहुने बताए।

केन्द्रीय सदस्य पेम्बा लामाले अन्तरपार्टी लोकतन्त्र र लोकतान्त्रिक अभ्यास कमजोर हुँदा पार्टी सम्बद्ध जनसंगठनको भूमिका कमजोर हुँदै गएको र समस्यामाथि थप समस्या सिर्जना हुन थालेकोमा चिन्ता प्रकट गरे। उनले नेतृत्वविरुद्ध प्रहार गर्ने सचिवालय सदस्यहरूलाई कारबाही हुनुपर्ने धारणा समेत राखे।

एमाले सचिवालय बैठकमा उपाध्यक्ष युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सचिवहरू योगेश भट्टराई र गोकर्ण विष्टले ओलीले राजीनामा गर्नुपर्ने धारणा राखेका थिए।

संगठन विभागका सचिव समेत रहेका केन्द्रीय सदस्य माधव ढुंगेलले पार्टीलाई फराकिलो बनाउन नेतृत्वले पनि फराकिलो चित्त बनाउनुपर्ने भन्दै नेतृत्व विकासको नयाँ अवधारणा दिन सक्नुपर्ने धारणा राखे। 'त्यसका लागि अब बन्ने कमिटीहरूमा बहालवाला केन्द्रीय नेतृत्वबाट ६० र नयाँ तथा युवा पुस्ताबाट ४० प्रतिशतको अवधारणा सार्वजनिक गर्नुपर्छ, यो केन्द्रदेखि वडासम्म लागु हुनुपर्छ।'- ढुंगेलको भनाइ छ।

» बाँकी ३ पेजमा

### दलहरूलाई निर्वाचन आयोगको सन्देश :

# तोकिएको मितिमै चुनाव हुन्छ, सबैले भाग लिनुस्

**एमालेबाहेक सबै दलका प्रतिनिधिले भयरहित निर्वाचन हुनुपर्नेमा जोड दिए। एमालेले भने आफू प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा लागेको भन्दै निर्वाचनमा भाग नलिने बताएको थियो।**






**लुम्बिनी संवाददाता**
*बुटवल*

निर्वाचन आयोगले फागुन २१ मा हुने प्रतिनिधि सभा चुनावका सन्दर्भमा राजनीतिक दलहरूसँग छलफल गरेको छ। संघ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने २९ राजनीतिक दल र आयोगका पदाधिकारीबीच बिहीबार छलफल भएको हो। बैठकमा दलका प्रतिनिधिहरूले घोषित मितिमै निर्वाचन सम्पन्न गर्न सम्बद्ध पक्षसँग निरन्तर छलफल गर्न सुझाएका आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईले जानकारी दिए।

उनका अनुसार निर्वाचन स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न सरकारले शान्ति सुरक्षाको उचित प्रवन्ध गरी राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारी र मतदातालाई निर्भयपूर्वक सहभागी हुने वातारण बनाउनुपर्नेमा उनीहरूको जोड छ।

यस्तै दलहरूले आचारसंहिताको पूर्णपालना, निर्वाचनलाई कम खर्चिलो बनाउन र विद्यमान विषम् परिस्थितिमा हुन लागेकाले सरोकारवालासँग निरन्तर छलफल गर्न आयोगलाई सुझाव दिएका छन्।

छलफलमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आवधिक निर्वाचनभन्दा फरक समय र परिस्थितिमा प्रतिनिधिसभाको निर्वाचन हुन लागेकाले सबै दलहरूलाई सहभागी हुन आग्रह गरे।

आयोगले पटकपटक सरोकारवालासँग छलफल गरिरहेको बताउँदै उनले स्रोत, साधन र शान्ति सुरक्षाको प्रवन्ध गर्न सरकारले प्रतिबद्धता जनाएको दलहरूलाई जानकारी गराए। निर्वाचनमय वातावरण बनाई कसैले पनि निषेधको राजनीति नगर्न समेत आयोगले सबैको ध्यानाकर्षण गराइसकेको बताउँदै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले तोकिएको समयमै निर्वाचन हुने विश्वास दिलाए।

छलफलमा निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधार र सगुन सम्शेर जबरा तथा आयोगका सचिव महादेव पन्थ लगायत सहभागी थिए।

राजनीतिक दलका प्रतिनिधिहरूले शान्तिसुरक्षा र भयरहित निर्वाचन गर्न निर्वाचन आयोगको ध्यानाकर्षण गराएका छन्। उनीहरूले मूलभूत रूपमा शान्तिसुरक्षाको विषय उठाएका हुन्।

» बाँकी ३ पेजमा

## 'माओवादी तयार छ, अरू दल पनि भाग्न पाउन्नन्'

बुटवल। नेकपा माओवादी केन्द्रका प्रवक्ता अग्नि सापकोटाले आफ्नो पार्टी चुनावको लागि तयार रहेको बताएका छन्। संवाद डबलीमा भएको कार्यक्रममा बोल्दै केही दल चुनावबाट भाग्न खोजिरहेको टिप्पणी गरे।

उनले भने-'सरकारले पनि मिति तोक्ने तर निर्वाचन नगर्नेतिर लागेको छ। सरकारले जेनजीको मर्मभन्दा फरक 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' जस्तैः गरेर अघि बढ्दै छ। हामी चुनावको लागि तयार छौँ, अरू कुनै पनि दल त्यसबाट भाग्न पाइँदैन।'

उनले सरकारले पनि निर्वाचनको वातावरण बनाउने कुरामा ध्यान दिनुपर्ने बताए। जेनजी आन्दोलनमा घुसपैठ गरेर महत्वपूर्ण भौतिक संरचनाहरू ध्वस्त पारिँदा सुरक्षा निकायको कमजोरी भएको पनि बताए।

## केही तत्वहरू बिथोल्न सक्रिय : गृहमन्त्री

बुटवल। गृहमन्त्री ओमप्रकाश अर्यालले केही तत्वहरु निर्वाचनको बिथोल्नको लागि सक्रिय भएको आरोप लगाएका छन्। जिल्ला समन्वय समिति भक्तपुरको कार्यालय अनुगमनको क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यस्तो बताएका हुन्। उनले निर्वाचनको माहोल बिगार्न लाग्नेहरूलाई सरकारले सम्झाईबुझाई गर्ने दाबी गरे। सम्झाउँदा नमानेमा सरकारले आफ्नो ढंगबाट काम गर्ने उनको भनाइ छ।

मन्त्री अर्यालले भने-'कोही कोही एलिमेन्टले भड्काउन खोजेको देखिन्छ। अब त्यो एलिमेन्टहरुलाई सकभर सम्झाई बुझाई नै गर्ने हो। त्यो एलिमेन्टहरुले भड्काउन नै खोजेको हो भने सरकारले त्यतिखेर आफ्नो ढंगले काम गर्छ।

» बाँकी ३ पेजमा

# राज्यको गलत नीति र व्यवहारले थला पर्दै नेपालकै ठूलो गाई फार्म



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपालकै सबैभन्दा ठूलो गाई फार्मको रुपमा स्थापना भएको रुपन्देहीको टिकुलिगढस्थित लुम्बिनी एग्रो प्रोडक्टस् एण्ड रिसर्च सेन्टर राज्यको गलत नीति र व्यवहारका कारण अहिले थला परेको छ। शुरुमा करिब सात सय गाई रहेको फार्ममा अहिले आधा घटेर साढे तीन सय मात्र गाई छन्।

सरकारको नीति र व्यवहार किसानमैत्री नहुनु, दूधको उचित मूल्य नपाउनु र सरकारी स्वामित्वको डीडीसीले भारतबाट पाउडर दूध आयात गरी बिक्री वितरण गर्दा गाई भैंसी पाल्ने ठूला फार्महरु संकटमा परेको लुम्बिनी एग्रो प्रोडक्टस् एण्ड रिसर्च सेन्टरका सञ्चालक शशि पौडेलले गुनासो गरे।

दूध बढी उत्पादन हुने सिजनमा बजारको समस्या हुने, गाई भैंसीलाई दिइने दानामा चर्को मूल्य वृद्धि, ब्रिडको समस्यालगायत राज्यका नीतिगत समस्याले निरुत्साहित बनाएको पौडेलको गुनासो छ।

डीडीसीले किसानबाट गाईको दूध सबैभन्दा सस्तोमा अधिकतम ६५ रुपैयाँमा खरिद गर्ने, तर आफूले फ्याट निकालेर झण्डै दोब्बरमा बिक्री गर्दा दूध उत्पादक किसान मारमा परेको र व्यवसाय संकटमा धकेलिएको पौडेलले गुनासो गरे।

राज्यको किसानमैत्री नीति नहुँदा फार्मभित्र झण्डै १० करोड लागतमा बनेको ७ सय ५० किलोवाट विद्युत् उत्पादन गर्ने १५ सय घनमिटरको बायोग्यास प्लान्ट पनि बन्द भएको पौडेलले गुनासो गरे।

प्लान्टबाट उत्पादन हुने विद्युत् स्थानीयलाई बिक्री गर्न पाउने वा विद्युत् प्राधिकरणले खरिद गरिदिने व्यवस्था नगरिदिंदा ठूलो मारमा परेको पौडेलले गुनासो गरे।

यस्तै फार्मभित्र प्रांगारिक मल उत्पादन गर्न ३ करोड लगानीमा बनाइएको प्लान्ट पनि सरकारी नीतिकै कारण घाटामा गएको पौडेलले गुनासो गरे।

फार्मबाट दैनिक संकलन हुने करिब १० मेट्रिक टन गोबरलाई प्रशोधन गरी प्रांगारिक मल बनाउने योजना भए पनि मलको खपतका लागि सरकारबाट कुनै सहयोग नभएको पौडेलले गुनासो गरे। राज्यका निकायले स्थानीयस्तरबाट उत्पादन भएको शुद्ध प्रांगारिक मललाई प्रवर्द्धन गर्नुको साटो उल्टै भारतबाट आयातित मललाई प्राथमिकता दिंदा मल उत्पादन पनि रोकिएको पौडेलको गुनासो छ। फार्मले इजरायली कम्पनीसँग मिलेर अन्तर्राष्ट्रिय मापदण्डका डेरी प्रोडक्टहरु उत्पादन गर्ने तयारी गरे पनि राज्यको संरक्षणमुखी नीति नहुँदा उक्त परियोजना पनि रोकिएको छ।

इजरायलको एबीईएल कम्पनीसँगको साझेदारीमा ३५ करोड लगानीमा गाई फार्मसंगै डेरी प्लान्ट राख्न थालिएको थियो।

तीन बिघा क्षेत्रफलमा स्थापना हुने डेरी प्लान्टबाट युरोपियन र अमेरिकन मापदण्डमा प्रशोधित दूध, दही, घिउ, मही, मिल्कसेक (बोतल दुध) र आइसक्रिम लगायतका परिकारहरु उत्पादन गरी कोक-फेन्टाको विकल्प दिने योजना थियो।

प्रा.लि.ले डेरी प्लान्टसँगै खाद्यान्न परिकारहरु उत्पादनको तयारी पनि गरेको थियो तर उक्त परियोजना पनि रोकिएको छ।

» बाँकी ३ पेजमा



### तोकिएको...

एमालेबाहेक सबै दलका प्रतिनिधिहरूले भेदभावरहित निर्वाचन हुनुपर्नेमा जोड दिए । केही दलका नेताहरूमाथि सरकारले धरपकड गर्न खोजेको सन्देश प्रवाह भएको भन्दै उनीहरूले त्यसले निर्वाचनको वातावरण बिथोलिने बताए ।

एमालेले भने आफू प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा लागेको भन्दै निर्वाचनमा भाग नलिने बतायो ।

छलफलमा विभिन्न २९ वटा राजनीतिक दलका प्रतिनिधि सहभागी थिए । छलफलको शुरुवातमा कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले सरकारसँगको पटकपटकको छलफलमा स्रोतसाधन उपलब्ध गराउने प्रतिबद्धता आएको र शान्तिसुरक्षाको व्यवस्था गर्न स्पष्ट प्रतिबद्धता जनाइएको भन्दै दलहरूले निर्वाचनमा सघाउनुपर्ने बताए । छलफलमा सहभागी नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले संविधान लिकबाहिर गएको अवस्थामा अदालती प्रक्रिया वा निर्वाचनबाट मात्रै फेरि लिकमा ल्याउन सकिने जनाए । अदालती प्रक्रियालाई कांग्रेसले खुला छाड्ने बताएका विश्वकर्माले कांग्रेसले निर्वाचन प्रक्रियालाई नै प्राथमिकतामा राखेको सुनाए । तर, त्यसका लागि आधारभूत वातावरण तयार हुनुपर्ने उनको जोड थियो ।

सरकारले शान्तिसुरक्षाको सुनिश्चितता कायम गर्नुपर्ने भन्दै अन्य दलका नेताहरूले पनि भयरहित वातावरण बनेमा निर्वाचनमा सहभागी लिने धारणा राखे ।

खासगरी कांग्रेस र एमालेका प्रतिनिधिहरूले सरकारको कार्यशैली हेर्दा निर्वाचन गराउनेतिर उन्मुख नदेखिएको भन्दै निर्वाचन आयोगका पदाधिकारीहरूको ध्यानाकर्षण गराएका थिए । उनीहरूले 'सरकारमा रहेका मन्त्रीहरूले दलहरूप्रति अत्यन्त प्रतिशोधपूर्ण रूपमा विषवमन गरिरहेका' भन्दै त्यस्ता गतिविधिले निर्वाचनको वातावरण नबन्ने चेतावनी दिए ।

एमाले उपाध्यक्ष गुरु बरालले आफ्नो पार्टीले सरकार गठन र प्रतिनिधिसभा विघटनलाई असंवैधानिक कदम भनेको निश्कर्षसहित प्रतिनिधिसभा पुनर्स्थापना हुन्छ भन्ने विश्वासमा रहेको र त्यसैतर्फ अग्रसर भएको बताए । अहिले निर्वाचनको वातावरण नै नबनेको भन्दै उनले 'हामी त्यतातिर लागेनौं' भन्ने जवाफ दिए ।

नेकपा माओवादी केन्द्रका महाधिवेशन आयोजक समितिका सदस्य तथा पूर्वमहासचिव देव गुरुङ र नेता लिलामणि पोखरेलले सरकारका गतिविधिले निर्वाचनको वातावरण बन्न नसकेको बताएका थिए । 'कसैको पासपोर्ट रोक्का भएको छ, कसैलाई उपत्यका बाहिर जान रोक लगाइएको छ, यस्ता क्रियाकलापले निर्वाचनको वातावरण बनाउँदैन ।'- माओवादी नेताहरूले आयोगको ध्यानाकर्षण गराउँदै भने ।

दलका प्रतिनिधिहरूले कारागारबाट भागेका कैदीहरू सबैतिर रहेको, २४ भदौमा आगजनी र तोडफोडको क्रममा प्रहरीका हातहतियार र गोली समेत लुटिएको र ती अहिलेसम्म फिर्ता नभइसकेको अवस्थामा समाजमा त्रास फैलिएको बताएका थिए । केही ठाउँमा जेन-जी प्रतिनिधिको नाममा कतिपयले चन्दा र असुलीधन्दा चलाउन खोजेकोमा पनि उनीहरूले आयोगको ध्यानाकर्षण गराए । त्यस्ता गतिविधिलाई सरकारले प्रभावकारी रूपमा नियन्त्रण गर्नुपर्ने भन्दै उनीहरूले शान्तिपूर्ण र भयरहित वातावरणविना निर्वाचन हुन नसक्ने चेतावनी दिए ।

सरकारले दलहरूसँग संवाद नगरेकोमा समेत दलको आपत्ति देखिएको छ । विषम परिस्थितिमा निर्वाचन गराउनुपर्दा आयोग पनि आत्तिएको महसुस भएको भन्दै केहीले 'निर्वाचनका लागि आयोगले पनि सुरक्षित अवस्था नदेखेको हो कि ?' भनी प्रश्न गरेका थिए ।

### केही...

निर्वाचन जसरी नी गराउँछ, तोकिएकै मितिमा गराउँछ ।'

वर्तमान सरकार स्वतन्त्र र निष्पक्ष ढंगबाट निर्वाचन गराउनको लागि बनेको उल्लेख गर्दै उनले तोकिएकै मितिमा सरकारले निर्वाचन गराउने दाबी गरे । निर्वाचनको लागि सरकारले सरोकारवाला सबैलाई संवादमा आउन आह्वान गरेको समेत जिकिर समेत गरे । राजनीतिक दलहरूले भने सरकारले आफूहरूलाई वेवास्ता गरेको आरोप लगाउने गरेका छन् ।

उनले भने-'निर्वाचनको लागि सबै संवादमा आउन पर्यो । स्टेक होल्डरहरू संवादमा आउनुपर्‍यो । सरकारले संवादमा सहजीकरण गर्छ । राष्ट्रपतिज्यूले पनि संवाद शुरु गरिसक्नुभएको छ । हामीले हाम्रो तहबाट पनि संवादको लागि आह्वान गरिरहेका छौं । यो स्थितिमा स्टेक होल्डर कसैले पनि परिस्थितिलाई भड्काउने काम गर्न भएन । निर्वाचन गर्ने हो, फ्रेस म्याण्डेड लिएर फेरि जोलाई आउनलाई त्यो अधिकार छ, राजनितिक अधिकार सुनिश्चित गर्नका लागि नै यो सरकारकार बनेको हो । फ्रि र फेयर ईलेक्सनको लागि बनेको हो । यसमा सहयोग गर्न पर्‍यो ।'

उनले प्रहरी कर्मचारीलगायतको मनोबल उकास्ने काम पनि सरकारले गरिरहेको बताए । व्यापक राजनीतिक हस्तक्षेप भएको कारण प्रहरीको मनोबल गिरेको दाबी गर्दै उनले वर्तमान सरकारले उठाउने कोशिस गरिरहेको जनाए । राजनीतिक दलहरुले प्रहरीको दुरुपयोग गरेको उनको भनाइ थियो ।

### एमाले...

केन्द्रीय सदस्य रामलाल साहले मंसिर अन्तिम साता प्रस्तावित पार्टीको ११औं महाधिवेशनलाई अलिक पर सार्नुपर्ने धारणा राख्दै अध्यक्ष ओली अब अभिभावक बनेर बस्नुपर्ने सुझाव दिए ।

केन्द्रीय सदस्य परशुराम अधिकारीले गत २४ भदौमा भएको जेनजी आन्दोलनमा पार्टी कार्यकर्ताकै संलग्नता भएको विषयमा अनुसन्धान गर्न नेतृत्वसँग माग गरे ।

उनले पार्टीमा निषेधको भावना नभई उपयुक्त जिम्मेवारी दिँदै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण गरेर उपयुक्त जिम्मेवारी दिनुपर्ने धारणा राखे । अर्का केन्द्रीय सदस्य रमेश बडालले संसद् पुनर्स्थापना हुने विश्वास व्यक्त गरे ।

अध्यक्ष केपी शर्मा ओलीले राखेको राजनीतिक प्रतिवेदनमाथि नेताहरूले धारणा राख्नेक्रम जारी रहेको पार्टीका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बताए ।

बुधबारबाट सुरु भएको बैठकको पहिलो दिन ५० जना सदस्यहरूले आफ्ना धारणा राखेका थिए । दुई दिनमा कुल १ सय ९६ जना केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम सकिएको हो ।

एमाले केन्द्रीय समितिका ३ सय ४२ जना सदस्यहरू छन् । उनका अनुसार प्रस्तुत रायहरूमा संविधानको रक्षा, जनाधिकारको रक्षाका लागि प्रतिनिधि सभाको पुनर्स्थापना गर्नुपर्ने, पुनःस्थापना गर्दा संविधान, लोकतान्त्रिक गणतन्त्रात्मक पक्षधर शक्तिहरुलाई एक ठाउँमा ल्याएर उनीहरुको समेत सहभागितामा व्यापक जनपरिचालनको माध्यमबाट निर्णयमा पुर्‍याउनुपर्ने विषय उठेको छ ।

### राज्यको...

फार्मले स्कुले बालबालिकाले खाजाको रुपमा बढी चाउचाउलगायतका जङ्क फूडको सेवनलाई नियन्त्रण गर्ने उद्देश्यले १० दिनसम्म नबिग्रने प्रविधिबाट खीर उत्पादन पनि गर्ने योजना बनाएको थियो, तर स्थानीय, प्रदेश र केन्द्र सरकारले कुनै सहयोग नगरेपछि त्यो पनि रोकिएको पौडेलले गुनासो गरे ।

फार्मले इजरायली कम्पनीसंगको साझेदारीमा प्रालिलाई दक्षिण एशियाकै नमूना एग्रो रिसोर्टको रुपमा विकास गर्ने सपनापनि देखेको थियो । एग्रो रिसोर्टमा सुविधासम्पन्न बेडरुम, रेष्टुरां, कन्फेरेन्स हलहरु,स्वीमिङ पूल, चिल्ड्रेन पार्क,एग्रो लाइब्रेरी, सपिङ मल आदि सुविधा उपलब्ध गराउने दीर्घकालीन लक्ष्य रहेको थियो । तर राज्यका निकायले प्रोत्साहनभन्दा दुःख र सास्ती दिने गरेकाले सबै योजना र उत्साह तुहिएको पौडेलले गुनासो गरे । एग्रो रिसोर्टमा लुम्बिनी आउने पर्यटकलाई समेत लक्षित गरेर सेवा उपलब्ध गराइने सोंच थियो ।

२३ बिघा जग्गामा रहेको गाई फार्ममा हालसम्म गाई खरिद र संरचना निर्माण , जग्गाको मूल्य समेत जोड्दा दुई अर्ब रुपैयाँ लगानी पुगेको संचालक पौडेल बताउँछन् ।

नेपालकै ठूलो गाई फार्मको रुपमा स्थापित भएपछि यो फार्म हेर्न देशका सबैजसो जिल्लाबाट विभिन्न क्षेत्रका मान्छेहरु दैनिक आउने गरेका थिए । सबैभन्दा धेरै संख्यामा गाई, मेसिनबाटै दूध दुहुने प्रविधि, आफ्नै दूध चिस्यान मेसिन र सरकारबाट उत्कृष्ट किसानका रुपमा विकास रत्न पदक र हालै मात्र जनसेवा श्री पदकबाट सम्मानित जस्ता कारणले पौडेलको फार्म देशभर चर्चित भएकाले हेर्न आउनेहरुको संख्या पनि ठूलो थियो ।

विगतमा दिनमा सरदर साढे दुईसय जनाका दरले अवलोकनकर्ताहरु फार्म हेर्न आउने गरेको संचालक पौडेल बताउंछन् । फार्म अवलोकनकर्ताबाट मात्रै प्रा.लि.ले वर्षमा साढे ४५ लाख आम्दानी गरेको थियो । तर केही वर्ष यता गाईको संख्या घटेसंगै अवलोकनकर्ताको संख्या पनि घटेको छ ।

विगतमा औसतमा दैनिक २ हजार लिटर दूध उत्पादन गरी बिक्री गर्ने प्रालिले अहिले करिब १२ सय लिटर दूध बिक्री गरिरहेको छ । पौडेलको फार्मको एउटा गाई एकलाख देखि डेढलाख रुपैयाँसम्ममा बिक्री हुने उनी बताउंछन् ।

सरकारी स्कूलको स्थायी शिक्षक पौडेल २०६७ साल बैशाखमा गाई फार्म सुरु गर्नुअघि सञ्चार गृह, बैंक र रियल स्टेट व्यवसायमा पनि थिए । बीचमा भीसा पाएर अमेरिका पनि पुगेका पौडेल फर्केर फेरि नेपालमै आएपछि गाईपालनमा हात हालेका हुन् । सुरुमा पाँचजना मिलेर दर्ता गरेको प्रालिबाट दुई जना त फार्म शुरु नहुँदै बाहिरिएका र बाँकी २ जना केही वर्षपछि सहमतिमै बाहिरिएका पौडेल बताउँछन् ।

पौडेलले अहिलेसम्म राज्यका नीति, नियम, कानुन र व्यवहारले नयाँ क्षेत्रमा केही गर्न खोज्ने उद्यमीलाई प्रोत्साहन गर्नेभन्दा निरुत्साहित गर्ने र त्यो पेशा व्यवसायबाटै हात झिक्ने बनाउने खालका रहेको दुखेसो पोखे ।

सरकारी नीति नियम, कर्मचारी प्रशासनको रवैया देख्दा त बेलाबेलामा पेशा नै छोडौं कि जस्तो सोंच आउने गरेको पौडेल स्वीकार्छन् । तर आफूले संयमता र धैर्यता अपनाएर देशका लागि केही नमूना काम गरेर देखाउन पनि यो व्यवसाय नछोड्ने दृढता व्यक्त गर्छन् ।


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297


## श्री बरवलिया माध्यमिक विद्यालय

तिलोत्तमा – १७, रूपन्देही

### कार्यालय सहायक (लेखापाल) आवश्यकता

दोस्रो पटक प्रकाशित मितिः- २०८२/०६/३१

प्रस्तुत विषयमा यस तिलोत्तमा नगरपालिका वडा नं. १७, रूपन्देही, लुम्बिनी प्रदेशमा संचालित श्री बरवलिया माध्यमिक विद्यालय, बरवलियामा तिलोत्तमा नगरपालिकाको शिक्षा शाखाबाट मिति २०८२/०४/२५ गते चन २४ प्राप्त अनुमति अनुसार कार्यालय सहायक (लेखापाल) पद रिक्त रहेको हुनाले सो(करार) पदपूर्ति गर्नको लागि वि.व्य.स. को मिति २०८२/०६/३० को बैठक न.८ को निर्णय अनुसार लेखा सम्बन्धि कार्य गर्नको लागि लेखापाल नियुक्ति गर्न परेकोले इच्छुक नेपाली नागरिकहरू बाट उम्मेदवारको लागि तपशिल बमोजिम आह्वान गरिन्छ ।

**तपशिल**

**बिज्ञापन नं.** ०२/०८२/०८३ **पद** :– कार्यालय सहायक (लेखापाल) **संख्यः**- १

**किसिम** : करार **तलव स्केलः**- प्रचलीत तलब स्केल अनुसार **उमेर** :– १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**न्यूनतम शैक्षिक योग्यता** : १०+२ management with computer skill

**आवेदन दस्तुर रु.** १०००/- **दरखास्त दिने मितिः** २०८२/०६/३० देखि २०८२/०७/१३

**फोन सम्पर्क** : नं ९८४७०३७५०३ ।९८४७०५०५७३.

**परीक्षाको किसिमः** लिखित, अन्तरवती र प्रयोगात्मक

**आवश्यक कागजातहरुः** नेपाली नागरताको प्रतिलिपि, शैक्षिक प्रमाण पत्रको प्रतिलिपि ।

**विद्यालय बन्द रहेपनि फोन सम्पर्क गरी कार्यालय खोलिनेछ**

## Tansen Municipality

**Office of Municipal Executive**
**Tansen, Palpa**

### Invitation for Online Bids

Date of publication: 2082/06/31 (Oct. 17, 2025)

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Information to deposit the cost of bidding document in Bank:**

*Name of the Bank: Rastriya Banijya Bank Ltd., Palpa*
*Name of the Office: Tansen Municipality Office, Tansen, Palpa*
*Rajaswa Account No.: 3030100301010004*
*Office Code :80550401*
*Bid Validity Period: 90 days*
*Bank details for Bid security (If Cash deposit) : Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.*

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Bid Security Document, NRs. | Bid Security Amount NRs | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/ G/NCB/ 01/ 2082-083 | The Procurement and Supply of Medicines and Surgical items, Tansen, Palpa. | 3400000 | 3000.00 | 85000.00 | 2082/07/30 12.00 Pm (Nov 16 2025) |

**Chief Administrative Officer**
**Tansen Municipality Office**

## लुम्बिनी प्रदेश सरका
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय नवपरासी (ब.सु.प.)**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सुचना प्रकाशन मिति २०८२/०६/३१

श्री डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.प.) अन्तरगत श्री बुद्धशान्ति साझेदारी वन उपभोक्ता समूह, रामग्राम १८ को स्वीकृत कार्ययोजना बमोजिम उत्पादन भई रामग्राम पाल्हिनन्दन सव डिभिजन वन कार्यालय परिसरमा घाटगद्दी भएको विभिन्न लटमा विभाजित प्रदेश सरकार तर्फको साल समेत प्रजातिको १३५४ थानको ११२५३.०३ क्यु.फि. गोलिया काठ तथा २२ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र खरिद गरि २२ औं दिनभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्वन्धि विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय, नवलपरासीमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सुचना यस कार्यालयको वेबसाईट https://dfoparasi.lumbini.gov.np/ तथा सुचना पाटीमा टाँस गरिएको छ ।

## SATYAWATI RURAL MUNICIPALITY

**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**Johang,Gulmi**

### Invitation for Bids

(First date of Publication: 2ndKartik 2082 (19thOct., 2025)

1.Satyawati Rural Municipality, Gulmi has allocated funds towards Construction Works under national competitive bidding (NCB).

| S. N. | Name of Works | Contract ID | Amount Excluding VAT and PS | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Construction and Upgradation of Chorkate-Chidipani-Juniya Road | SRM/ROAD/ W/NCB/07- 2082-083 | 1,00,90,629.66 | NRs. 3000 for Each Contract | 2,80,000.00 |
| 2 | Upgradation of Khaireni Healthpost to Angare Khola Road | SRM/ROAD/ W/NCB/08- 2082-083 | 51,97,635.18 | | 1,50,000.00 |
| 3 | Upgradation of Shahghat-Limgha-Sai Mod-Rammandir-DalitBasti-Chakrapath-Satyawati Road (At Sisne Section) | SRM/ROAD/ W/NCB/09- 2082-083 | 28,14,713.80 | | 80,000.00 |
| 4 | Upgradation of Lumdikhola-Eksingh-Kol-Pipal Danda Road | SRM/ROAD/ W/NCB/10- 2082-083 | 1998968.86 | | 55,000.00 |

Interested Eligible Bidder may obtain further Information from Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi or may visit PPMO's e-GP system http://www.bolpatra.gov.np/egp.

## मध्यविन्दु नगरपालिका

**मध्यविन्दु नगर अस्पताल**
**मध्यविन्दु-७, नवलपारसी (ब.सु.प)**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

सूचना प्रकाशन मितिः २०८२/०६/३१

मध्यविन्दु नगर अस्पतालमा फार्मेसी शाखाको लागि आवश्यक पर्ने औषधी तथा औषधिजन्य सामाग्रीहरुको आपुर्ति गराउने कार्यको मिति २०८२/०५/२२ गतेको बोलपत्र आह्वारनको सूचना अनुसार यस अस्पतालमा पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही पाइएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्कान नं. | प्याकेजको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम रु. | कै |
|---|---|---|---|---|---|
| १ | MMH/G/ NCB/2.1/ 2082/83 | Procurement of Antimicrobial, Cardiac & Endocrine Medicines | Krishav Pharmacy, Bharatpur-10, Chitwan. | 20,59,674/- | |
| २ | MMH/G/ NCB/ 2.2/ 2082/83 | Procurement of Injectable Medicines | Krishav Pharmacy, Bharatpur-10, Chitwan. | 6,30,434.45/- | |
| ३ | MMH/G/ NCB/ 2.3/ 2082/83 | Procurement of Ointments, Creams & Syrups | Krishav Pharmacy, Bharatpur-10, Chitwan. | 9,18,449.50/- | |
| ४ | MMH/G/ NCB/ 2.4/ 2082/83 | Procurement of Git, Psychiatric & Miscelleneous Medicines | Krishav Pharmacy, Bharatpur-10, Chitwan. | 11,86,331/- | |



परीक्षणका लागि रोपिएको फूलः
दाङको घोराही उप-महानगरपालिका-३ स्थित झिङनीमा सिद्धार्थ कृषि तथा अनुसन्धान केन्द्रले परीक्षणका लागि रोपेको सयपत्री फूल । केन्द्रले परीक्षणका रूपमा रोपेका पाँच प्रजातिका सयपत्री फूल हाल ढकमक्क फुलेको छ । तस्विरः कुलदीप न्यौपाने/रासस

# नृत्य मञ्चको फाइनलमा २० जना




बुटवल । १३ वर्षमुनिका बालबालिकाको प्रतिभा प्रष्फुटनका लागि मिलन कला केन्द्र बुटवलले सञ्चालन गरेको एकल नृत्य प्रतियोगिता नृत्य मञ्च २०८२ को फाइनलमा २० जना प्रवेश गरेका छन् । जेठदेखि सुरु भएका प्रदेशस्तरीय उक्त प्रतियोगिताको उपाधि भिडन्त कात्तिक १ गते बुटवलमा हुनेछ । प्रतियोगिताको फ्रि अडिसन राउन्डमा २ हजार ५ सय जना प्रतियोगी सहभागी थिए । ती मध्येबाट विभिन्न चरणका छनोट पार गर्दै २० जना फाइनलमा आएका हुन् ।

नो भोट, नो एसएमएस नारासहित आयोजित प्रतियोगितामा प्रथम हुनेले ५१ हजार १ सय ११ , दोस्रो हुनेले २१ हजार १ सय ११ र तेस्रो हुनेले १५ हजार १ सय ११ र सान्तवना हुनेले ५ हजार १ सय ११ रुपैयाँसहित मायाको चिनो प्राप्त गर्नेकार्यक्रम संयोजक दाबा शेर्पा दर्पणले जानकारी गराए । त्यस्तै धेरै भ्यु, लाइक र शेयरका आधारमा छनौट हुने टीकटक प्रतियोगितामा पहिलो स्थान हासिल गर्नेले ५ हजार, दोस्रोले ३ हजार र तेस्रो हुनेले २ हजार र सान्त्वना हुनेलाई १ हजार र मायाको चिनोसहित पुरस्कृत गरिने छ ।

भोटिङ र एसएमएसका आधारमा नतिजा घोषणा गर्ने परिपाटीमा पैसाको बलमा उपाधि जित्ने र प्रतिभाशाली प्रतियोगी पछाडि पर्ने विकृति मौलाएको हुँदा नो भोट, नो एसएमएसका आधारमा प्रतियोगिता सञ्चालन गर्दै आएको मिलन कला केन्द्रकी अध्यक्ष मीना बुढाथोकीले बताइन् । आफूहरुले सुरु गरेको नो भोट नो एसएमएस विधिले प्रतियोगी र अभिभावहरु धेरै लाभान्वित भएका र स्वच्छ निर्णय हुने गरेको उनले बताइन् ।

प्रतियोगिताको फाइनलमा इश्ना भेडी, आरोसी तामाङ, स्तुति अर्याल, प्राप्ती अर्याल, आदित्या भण्डारी, श्रीसा रोका, जेशमा थापा, बिपिसा थापा, सन्जय पौडेल, प्रज्ञा घर्ती मगर, कृतिना ज्ञवाली, युविका राना, रिदिम टण्डन, रुजु पौडेल, प्रिती पल्ली, मेरिसा थापा, सानमी क्षेत्री, दुरविज्ञ डि पोखरेललगायत छनौट भएका कला केन्द्रका सहयोगी मिसन मगरले जानकारी दिए ।

# सुनवल युनाइटेडमा अन्तरसदनात्मक देउसी भैलो



सुनवल । सुनवल -४, नवलपरासीमा अवस्थित विद्यालय सुनवल युनाइटेड अंग्रेजी आवासीय मा.वि मा अन्तरसदनात्मक देउसी भैलो प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा जुनियरतर्फ ग्यालिलियो सदन (समूह-ख) प्रथम, आइन्स्टाइन सदन (समूह-क) द्वितीय, पाइथागोरस सदन (समूह-क) ले तृतीय स्थान हासिल गर्न सफल भएका छन् । यसैगरी सिनियरतर्फ ग्यालिलियो सदन प्रथम, पाइथागोरस सदन द्वितीय, र न्यूटन सदनले तृतीय स्थान हासिल गर्न सफल भएका छन् । प्रतियोगितामा १२ समूहका जम्मा ११२ विद्यार्थीहरुको सहभागिता रहेको जनाइएको छ ।

चाडपर्व/संस्कृतिलाई जगेर्ना गर्न तथा परापूर्वकालदेखि चल्दै आएको परम्परालाई निरन्तरता दिन सहज बनाउने उद्देश्यले विद्यार्थीहरु बिच प्रतिस्पर्धात्मक रुपमा यो कार्यक्रम आयोजना गरिएको विद्यालयका संस्थापक प्रिन्सिपल धनराज चापागाईंले बताए । संस्कृति संरक्षणसँगै देउसी भैलो प्रतियोगिताले विद्यार्थीमा अन्तरनिहीत प्रतिभा प्रष्फुटन र आफ्ना मौलिक चाडपर्वका बारेमा व्यवहारिक ज्ञान समेत दिलाउने प्रिन्सिपल चापागाईंले बताए । विद्यार्थीहरुको उत्कृष्ट नतिजाका साथै अतिरिक्त क्रियाकलाप, खेलकुदलगायतका क्षेत्रमा विभिन्न प्रतियोगिता र कार्यक्रम गरी विद्यार्थीको सर्वाङ्गीण विकासलाई केन्द्रमा राखेर विद्यालय अघि बढेको चापागाईंले जनाए ।

# जाडोको सुरुवातसँगै बदाम भुट्नमा व्यस्त राजभर



**मोहम्मद हबिब**
*भैरहवा*

जाडो मौसमको सुरुवातसँगै बदामको माग बढ्छ । बजारका ठेला मात्रै होइन मेला महोत्सवमा टाइमपासको सँगै पौष्टिक आहारको रुपमा लिने बदाम अहिले जताततै देखिन्छ । जाडोयाममा तातो तातो बदाम खान धेरैलाई मन पर्छ । तर बदाम पछिल्लो समय परम्परागत शैलीभन्दा प्रविधिको सहायताले भट्टीमा भुट्ने गरिएको छ ।

हुन त बदाम अहिले वर्षभरि पाइने भए पनि जाडोयाम यसको सिजन भएकोले नयाँ बदाम आउने गर्छ । काँचो बदामलाई उमालेर वा भुटेर प्रायः खाइन्छ । रुपन्देहीको मायादेवी ७ वनगाइका जयप्रकाश राजभर अहिले बदाम भुट्नमा व्यस्त छन् । २ दशक देखि मिल व्यवसाय गर्दै आएका उनी यो पेशा व्यवसाय सम्हालेको दोस्रो पुस्ता हुन् । बुवाले गर्दै आएको पेशा पुस्तान्तरण पछि जयप्रकाशले सम्हाल्दै आएका छन् । उनले मिलमा अन्नको कुटानी, पिसानी र पेलानीको काम गर्ने गरेका छन् ।

उनको जीवीका मिल चलाएर नै गुज्रिएको छ । यसैबाट उनले परिवार पाल्दै आएका छन् । धान कुट्ने, चिउरा बनाउने, गहुँ पिस्ने, तोरी पेल्नेलगायतको काम उनको नियमित काम हो । नियमित कामसँगै उनले अहिले मिलको भट्टी बदाम भुट्ने काममा प्रयोग गर्दै आएका छन् । जिल्लाका विभिन्न ठाउँबाट व्यपारीहरु बदाम लिएर उनीकहाँ भुटाउन आउने गर्छन् । अन्य समयमा नियमित काम गर्दै आएका उनीकहाँ अहिले मोमफलीको बोराको चाङ छ । कार्यव्यस्तताले भ्याईनभ्याइ उनी भन्छन्-'जाडोसँगै अहिले माग बढेकोले स्थानीयहरु बदाम, चना भुटाउन बढी आउने गर्छन् ।'

बदाम थोरै मात्रामा भुट्दा परम्परागत तरिकाले भुट्ने गरे पनि माग एक्कासी बढ्दा ठूलो मात्रामा भुट्न सम्भव नभएकोले यसरी भट्ठीमा भुट्ने गरिन्छ । परम्परागत तरिकाले भुट्दा समय र परिश्रम पनि बढी लाग्ने हुँदा केही मिनेटमै यसरी भट्टीबाट ५० किलोसम्म भुट्न सकिने उनी सुनाउँछन् ।

परम्परागत शैलीमा पनि तातो बालुवामा बदाम, चना भुट्ने गरिन्थ्यो, भट्टीमा पनि सोही शैली हो । यो मोटर प्रविधिसँगै जोडिएकाले कम मेहनतमा ठूलो मात्रामा काम गर्न सहज भएको छ ।

बदाममा भरपुर पौष्टिक तत्व पाइन्छ । मुख्य रुपमा यसमा क्यालोरी, प्रोटिन, फ्याट, कार्बोहाइड्रेट, फाइभर, क्यालसियम, आइरन जस्ता तत्व पाइन्छ ।

# राप्ती प्रादेशिक अस्पतालः नाम प्रादेशिक, सेवा थपिएन




तुलसीपुर । तुलसीपुरस्थित तत्कालीन राप्ती अञ्चल अस्पताललाई २०७५ साल पुसमा प्रादेशिक अस्पताल बनाइएको हो । तत्कालीन अञ्चल अस्पताललाई प्रदेशस्तरको अस्पताल बनाएपछि सेवा थप हुने अपेक्षा गरिए पनि त्यो हुन सकेको छैन । अहिले पनि ५० शैयाको अनुमतिमा अस्पताल सञ्चालन भइरहेको छ ।

अस्पतालले ५० शैयाको अनुमति पाए पनि हाल बिरामीको चापअनुसार एक सय ४१ शय्या सञ्चालनमा ल्याइएको छ । अस्पताल विकास समितिले निर्णय गरेर सोहीबराबरका शैया थप गरी सेवा प्रदान गरिएको समितिका अध्यक्ष पदमप्रसाद न्यौपानेले बताए । "छ सय शैयाको अस्पतालको गुरुयोजना बन्यो । दुई सय शैयाको जनशक्ति पठाउने भनी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सर्भेको काम पनि अघि बढ्यो", उनले भने-"त्यसले कुनै पूर्णता पाउन सकेको छैन ।"

हाल दाङमात्र होइन, सल्यान, रुकुम, जाजरकोट, रोल्पालगायत जिल्लाबाट बिरामी उपचारका लागि यहाँ आउने गरेका अध्यक्ष न्यौपानेले जानकारी दिए । उनकाअनुसार यसरी बाहिरी जिल्लाका बिरामी आउन थालेपछि २०७६ सालमा सङ्घीय सरकारले दुई सय शय्याको अस्पतालको पत्रसमेत दिएको हो ।

"सोहीअनुरुप एक शैयाबराबर रु पाँच लाखसम्म अनुदान दिने भन्ने पनि थियो । तर, अहिलेसम्म सोअनुसार कुनै अनुदान पनि आएको छैन", अध्यक्ष न्यौपानेले भने-"हाल अस्पतालबाट बिरामी रेफर गर्ने गरेको भनी गुनासो पनि बढ्ने गरेको छ । आकस्मिक उपचार कक्ष (आइसीयू) सञ्चालन हुनसकेको छैन । जनशक्ति पनि अभाव हुँदा रेफर गर्नुपर्ने बाध्यता छ ।"

अस्पतालको छ बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेको अध्यक्ष न्यौपानेले जनाए । उक्त जग्गा फिर्ता ल्याउनका लागि पनि जिल्ला प्रशासन, स्थानीय सरकारलगायत सरोकार भएका सबैलाई पत्र पठाइएको जनाउँदै उनले त्यसको कुनै उपलब्धि नभएको गुनासो गरे ।

बिरामीको पनि घुइँचो बढ्न थालेको बताउँदै अध्यक्ष न्यौपानेले टिकट काउन्टर पाँच र बिल काउन्टर दुई सञ्चालनमा ल्याइएको जानकारी दिए । "अस्पालमा जडान गरिएको टोकन प्रणाली पनि प्रयोगमा छैन । जसले गर्दा भीडभाड हुने गरेको छ ।"-उनले भने ।

अस्पतालमा सीमित स्रोतसाधन र जनशक्ति हुँदा सेवा प्रवाहमा केही समस्या भएको कुरा सेवाग्राहीलाई बुझाउन नसक्दा अस्पतालप्रति गुनासो बढेको निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा पदमराज अधिकारीले बताए । "सेवा थप गर्नेभन्दा पनि भएका सेवा कसरी सञ्चालन गर्ने भन्ने चिन्ता हुन थालेको छ", उनले भने-"भएका सेवालाई गुण्स्तरीय र प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ ।"

अस्पताल प्रादेशिक भए पनि अहिले पनि तत्कालीन अञ्चलको अवस्थाको सेवा सुविधामात्र दिन सकिएको डा.अधिकारीले उल्लेख गरे । अहिले डायलायसिस र एनआइसीयू सेवा भने विस्तार गरिएको उनले बताए । "अस्पतालको कुनै कार्यक्रम थपिएको छैन", उनले भने-"तर हामीले आफ्नो दायित्वअन्तर्गत डायलायसिस र एनआइसीयू सेवा विस्तार गरेका छौं ।"

हाल अस्पतालबाट पाँचदेखि सात प्रतिशत मात्रै बिरामीलाई रेफर गर्ने गरिएको डा.अधिकारीले जानकारी दिए । दुर्घटनासम्बन्धी घटना र केही बिरामीको माग अनुसार रेफर गर्ने गरिएको उनको भनाइ छ । चिकित्सकहरू आफ्नो कार्यसमयमा नबस्ने गरेको गुनासो आइरहेको भन्दै यसमा चिकित्सक स्वयम् गम्भीर बन्नुपर्नेमा उनले जोड दिए । साथै उनले अस्पतालका 'सटर'हको बोलपत्र प्रक्रिया अघि बढाइएको जनाउँदै डा. अधिकारीले भवन डिभिजन कार्यालयबाट पनि प्रतिवेदन आइसकेको बताए ।

चिकित्सकहरू नियमित ड्युटमा नबस्दा बढी गुनासो आउने गरेको तुलसीपुर उप-महानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । "चिकित्सक अस्पतालमा नभेटिने, बिरामीको रिपोर्ट नहेर्ने, हेरे पनि दुई-तीन घण्टा लगाइदिने गुनासोले आक्रोश बढेको छ, यो समस्या सुधार नभएसम्म यस्ता गुनासा आइरहन्छन् ।"-उनले भने । चिकित्कसहरू दिउँसो १:०० नबज्दै निजी अस्पतालमा जाने गर्नाले सेवाग्राहीमा वितृष्ण बढ्ने गरेको उनको भनाइ छ ।

अस्पतालको स्तरवृद्धि गर्नतर्फ आफू सक्रिय रहेको भए पनि सोअनुसार कार्यान्वयन हुन नसक्दा सेवा प्रवाहमा केही समस्या आइरहेको उप-महानगरप्रमुख खड्काले बताए । "अस्पतालले सामग्री खरिद गर्ने तर प्रयोगमा नल्याउने गर्नाले पनि सेवा प्रवाहमा समस्या हुने गरेको छ ।"-उनले भने ।

# रेसुङ्गा र मदानेमा दुर्लभ चराको बासस्थान



गुल्मी । गुल्मीको रेसुङ्गा र मदाने वन संरक्षीत क्षेत्र दुर्लभ चराहरुको मुख्य आश्रयस्थल बन्दै गएको छ । विश्वमा पाइने दुर्लभ चराहरुमध्ये गुल्मीमा ६ प्रजातिका फेला परेका छन् ।

गुल्मीको रेसुङ्गा र मदाने वन संरक्षण क्षेत्र दुर्लभ चराहरुको मुख्य बासस्थान रहेको नेपाल पंक्षी संरक्षण सङ्घका परियोजना अधिकृत शम्भु भट्टराईले जानकारी दिए । दुर्लभ प्रजातिका चरामध्ये रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमत्त महाचिल, डङ्गर गिद्ध, सोतो गिद्ध, सुन गिद्ध र गोमायो माहाचिल रहेका छन् ।

रेसुङ्गा र मदाने वन क्षेत्रमा नेपालमा मात्र पाइने काँडे भ्याकुर पाइन्छ । नेपालमा पाइने ९०२ प्रजातिका चरामध्ये गुल्मीमा मात्र विभिन्न प्रजातिका ३५ प्रतिशतभन्दा बढी चरा फेला परेका अधिकृत भट्टराईले जानकारी दिए । नेपाल पंक्षी संरक्षण सङ्घले विभिन्न समयमा गरेको पंक्षी सर्भेक्षणअनुसार रेसुङ्गा वन क्षेत्रमा २७६ प्रजाति र मदाने वन संरक्षण क्षेत्रमा २८९ प्रजातिका चरा फेला परेका हुन् ।

जिल्लाका दुई वन संरक्षण क्षेत्रमा गरिएको पछिल्लो सर्भेक्षणअनुसार रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा गरी ३२५ प्रजातिका चराहरुको तथ्याङ्क रेकर्ड गरिएको छ । यो संख्या नेपालमा पाइने चरा प्रजातिको संख्याअनुसार हाल ३५ प्रतिशतभन्दा बढी रहेको नेपाल पंक्षी संरक्षण सङ्घले जनाएको छ ।

विश्वमा नेपालमा मात्र पाइने काँडे भ्याकुर रेसुङ्गा वन क्षेत्रमा समेत पाइने भएको कारण यसको संरक्षणका लागि अति सङ्कटापूर्ण अवस्थामा रहेका चराको वासस्थानलाई जोगाई राख्नुपर्नेमा यहाँका स्थानीय एवं सरोकारवालाले जोड दिएका छन् । सङ्घले जिल्लामा जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रममार्फत् दुर्लभ चराको खोजी गर्दै तिनीहरुको संरक्षणका लागि विभिन्न प्रयास गर्दै आएको छ ।

सङ्घले वन क्षेत्रसँग जोडिएका स्थानीयवासीलाई वन जङ्गलको संरक्षण र सम्वर्द्धनसँगै विभिन्न सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ । गुल्मीमा धार्मिक पर्यटन सँगैसँगै चरा पर्यापर्यटनको समेत प्रचुर सम्भावना रहेको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए । यसबाट जिल्लाका अन्य पर्यटकीय क्षेत्रको विकासमा सहयोग पुग्नुका साथै यसले स्थानीयको जीवीकोपार्जनमा समेत ठूलो टेवा पुग्ने विश्वास गरिएको छ ।

दुर्लभ प्रजातिका चरा संरक्षणका लागि पछिल्लो समयमा मुख्य चुनौतीको रुपमा बासस्थान विनास, पानीको अभाव, वन-डढेलो, अवैध शिकार, जनचेतनाको अभावजस्ता कारण रहेको सङ्घले जनाएको छ । सङ्घले विगत दश वर्षदेखि जिल्लामा डिभिजन वन कार्यालयसँग सहकार्य गरी चरा संरक्षणको क्षेत्रमा काम गर्दै आएको छ ।

# ११ राजदूत फिर्ता बोलाइए

बुटवल । सरकारले केपी ओली नेतृत्वको सरकारले नियुक्त गरेका विभिन्न ११ देशका नेपाली आवासीय राजदूतहरूलाई फिर्ता बोलाएको छ ।

बिहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

उनका अनुसार सरकारले चीन, जर्मनी, मलेसिया, इजरायल, कतार, रुस, साउदी अरब, स्पेन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका र जापानका लागि नेपाली आवासीय राजदुतहरूलाई फिर्ता बोलाएको हो ।

फिर्ता बोलाइएको आवासीय राजदूतहरुले अगामी २० कात्तिकसम्म नेपाल फर्किसक्नुपर्ने पनि उनले बताए ।

चीनमा राजदूत कृष्णप्रसाद ओली, जर्मनीमा शैल रुपाखेती, इजरायलमा धनप्रसाद पण्डित, मलेसियामा डा. नेत्रप्रसाद तिमल्सिना, कतारमा रमेशचन्द्र पौडेल, रुसमा जंगबहादुर चौहान, साउदी अरबमा नरेशविक्रम ढकाल, स्पेनमा शनिल नेपाल, बेलायतमा चन्द्रकुमार घिमिरे, अमेरिकामा लोकदर्शन रेग्मी र जापामा डा. दुर्गाबहादुर सुवेदी राजदूत थिए ।

सरकारले भारतका लागि नेपाली आवासीय राजदूतलाई भने फिर्ता बोलाएको छैन ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com

# सम्पादकीय

## अराजकतालाई नियन्त्रण गर

जेनजीका नाममा विभिन्न सरकारी कार्यालयका कर्मचारी र निजी क्षेत्रलाई धम्क्याउने प्रवृत्ति बढेको छ । विभिन्न कार्यालयका नियमित काममा अवरोध र हस्तक्षेप गर्ने तथा जलविद्युत् कम्पनीहरुलाई निःशुल्क शेयर माग्दै अवरोध गर्ने प्रवृत्ति बढ्दा सरकार मौन छ ।

जलविद्युत् कम्पनीमा अवरोधको सुरुवात भोटेकोशी जलविद्युत् आयोजनाबाट भयो । जहाँ १० प्रतिशत शेयर माग गर्दै अवरोध भयो । एक महिनादेखि भएको अवरोधले आयोजनाले ३३ करोड रुपैयाँ घाटा व्यहोर्यो । अन्ततः स्थानीयलाई दिँदै आएको ६ प्रतिशत शेयरमा ४ प्रतिशत वृद्धि गरी १० प्रतिशत शेयर दिन कम्पनी सहमत भएपछि अवरोध खुलेको छ । निजी क्षेत्रका १० जलविद्युत् आयोजनामा अहिले निःशुल्क शेयर माग गर्दै धम्क्याइएको निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धकहरुको संस्था इप्पानले जानकारी दिएको छ । इप्पानले सरकारलाई सहयोगको लागि आग्रह गरिसकेको छ, तर सरकारबाट दरिलो आडभरोसा पाउन नसक्दा लगानीकर्ताहरु निराश बनेका छन् । सरकारले जेनजीका नाममा भइरहेको अराजक गतिविधि नरोक्ने हो भने मुलुकमा लगानीकर्ता जोखिम मोल्न आउन कठिन छ ।

सरकारी कार्यालयका कर्मचारी जेनजीका नाममा आतंकित छन् । सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएपछि शपथग्रहण समारोहमा सुदन गुरूङसँगै राष्ट्रपति कार्यालयमा सहभागी जेनजी अगुवा अर्जुन शाहीका गतिविधि कानुनी शासनको धज्जी उडाउने खालका छन् । विभिन्न सरकारी कार्यालयका कर्मचारीलाई मनपरी गर्न धम्क्याउने र दबाब दिने शाही यस अघि विभिन्न अपराधिक घटनामा समेत संलग्न रहेकाले प्रहरीले बाध्य भई पक्राउ गरेको छ । तर जेनजीका नाममा अराजक गतिविधि गर्ने अरु व्यक्तिलाई पक्राउ गर्न गृहमन्त्री ओमप्रकाश अर्यालको निर्देशनले प्रहरी हच्केको छ । भदौ २४ गतेको विध्वंशमा सहभागी व्यक्तिलाई कानुनी दायरामा लिन प्रहरी अघि सर्दा गृहमन्त्रीकै कारण रोकियो । कानुनी कारबाहीको दायरामा ल्याउन गृहमन्त्रीको साथ नपाएपछि प्रहरी निरिह भएको छ । अराजकतालाई गृहमन्त्रीले नै प्रोत्साहन गरेकाले झनै जोखिम बढेको छ । राजनैतिक नेतृत्वले कुनै न कुनै ढंगले जेनजीका नाममा भएका भएका अराजक गतिविधिलाई कारबाहीको दायरामा ल्याउन बेवास्ता गर्दा प्रहरीलाई सास्ती भएको छ ।

अराजकतालाई बेलैमा नियन्त्रण नगर्ने हो भने त्यसले व्यवस्था, प्रणाली, समाज र मुलुकलाई ध्वस्त बनाउँछ । समाजमा असुरक्षा बढ्छ । सरकारी निकाय पंगु बन्छ । मुलुकबाट लगानीकर्ता पलायन हुँदै जाँदा मुलुक आर्थिक रूपमा झनै जर्जर हुन्छ । यो कहालीलाग्दो अवस्थामा पुग्नबाट रोक्न सरकारले अराजक गतिविधिलाई नियन्त्रण गर्न बेलैमा पहलकदमी लिनुपर्छ । कानुनी कारबाहीको दायरामा ल्याउन प्रहरीलाई सक्रिय बनाउनुपर्छ । अराजकताको आगोलाई प्रोत्साहन हैन, नियन्त्रण गर सरकार ।

# साम्राज्यवादीहरुद्वारा पुराना सबै बाहिर नयाँ भित्र



विन बहादुर कुँवर

कांग्रेसमा देउवा, एमालेमा ओली र माओवादीमा प्रचण्डलाई आउट पारेर कांग्रेसमा गगन, एमालेमा विष्णु पौडेल र माओवादीमा जनार्दनलाई इन अर्थात् अर्को नयाँ नेतृत्व स्थापित गराउने प्रपञ्चमा पश्चिमा शक्ति केन्द्र लागि परेको भन्ने पनि बुझ्न थालिएको छ । पुरानालाई आउट नयाँलाई इन दलहरुमा मात्रै होइन एनजीओ र आइएनजीओभित्र पनि यो गरिदैछ ।

जेनजी विद्रोहको जगमा बनेको वर्तमान अन्तरिम काम चलाउ प्रम सुशीला कार्की नेतृत्वको सरकार एकपछि अर्को रुपमा बेकम्पा हुँदै आइरहेको छ । पहिलो कुरा त यो सरकारले जेनजी विद्रोहलाई यो चालु संविधानअन्तर्गत परिचालन गरायो । यही संविधान स्वीकार गरेर त्यसैलाई सिरोधार्य गरेर प्रम सुशीला कार्कीले राष्ट्रपति रामचन्द्र पौडेल समक्ष देश र जनता समक्ष शपथ खाइन् । जेनजी आन्दोलनको पहिलो सुरुको माग जे भए पनि विद्रोह पछिको मूल माग वर्तमान राज्य सत्ता परिवर्तनकै थियो । वर्तमान सदन र संविधानको खारेजी र नयाँ संविधानको पुनर्निर्माण र त्यसअन्तर्गतको सदन र नयाँ सरकारको निर्माण नै थियो । अहिले जेनजी अगुवाहरुले भन्ने गरेको प्रत्यक्ष राष्ट्रपतिको निर्वाचन अनि त्यस अनुरुप सरकार निर्माण नै थियो । तर वर्तमान सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले यो सबैलाई ठाडै अस्वीकार गर्दै भनिन्- वर्तमान सरकारको मूल जिम्मेवारी आगामी फागुन २१ मा संसदीय निर्वाचन सम्पन्न गरी त्यही अनुरुप अर्को नव निर्वाचित बहुमत प्राप्त सरकारलाई यो सत्ता हस्तान्तरण गर्ने मात्र हो । यो स्वाभाविक छ । जसको दानापानी खाई उसैको गाना गाई अर्थात जुन संविधानअन्तर्गत प्रमले शपथ लिइयो । त्यही अनुरुप गर्नु र गराउनु प्रम सुशीला कार्कीको मूल जिम्मेवारी र संवैधानिक नैतिकता नै हो ।

हुनत जेनजीहरुको पहिलो सुरुको माग शान्ति, सुशासन र भ्रष्टचार उन्मूलनको त्यसमा पनि अझ मूल माग त सामाजिक सञ्जाल फेसबुक आदि माथिको प्रतिबन्द लगाउने कुराको थियो । तर पछि उक्त विद्रोहको सफलतापछि तत्कालीन सरकार सदन र संविधानकै खारेजी र नयाँ सरकार अनि नयाँ अन्तरिम संविधान निर्माण र पुनः संसदीय निर्वाचन सम्पन्न गरी अर्को नयाँ सरकार निर्माण गर्ने थियो । तर प्रम सुशीला कार्कीले सुरुमै यो पुरानो संविधान अन्तर्गत घुँडा टेकिन र आत्मसमर्पण गरी त्यसैअन्तर्गत राष्ट्रपतिसामु शपथ खाई सरकार प्रमुख बनिन् । फागुन २१ मा संसदीय निर्वाचन सम्पन्न गर्ने भन्दा दायाँबायाँ अरु केही गर्ने हैसियत यो सरकारले राख्दैन । हुनतःसंसद र सदन भंग गर्ने अधिकार पनि यो सरकारले राख्दैन । जेनजी विद्रोहको जगमा सरकार बन्ने, तर शपथ भने त्यही पुरानै संविधानअन्तर्गत लिने यस अर्थमा पनि यो सरकार अहिले दुई अलग अलग डुंगामा टेकी सयर गर्दैछ । त्यसैले कुनै पनि बेला यो ठूलै दुर्घटनामा पर्ने निश्चित छ ।

वर्तमान यो सरकार असंवैधानिक भएको दाबी गर्दै दर्जन भन्दा बढी रिट निवेदन सर्वोच्च अदालतमा दर्ता भइसकेका छन् । स्वयं दलहरुले पनि यो सरकारको निर्माण नै असंवैधानिक तरिकाले भएको भनी पहिले नै विरोध जनाइसकेका छन् । एमाले नेता केपी ओलीले त यसको ठाडै इन्कार गर्दै यसलाई हा हुँको सरकार भनी विरोध र निन्दा गरिनै रहेका छन् । स्वयं वर्तमान सरकारकी प्रमुख सुशीला कार्की नै पूर्व प्रधानन्यायाधीश भइसकेकाले पनि यो बुझ्नु पर्ने हो । सुरुमै यो संविधानअन्तर्गत यो सरकारको प्रमुख बन्नु हुँदैन थियो । यो संविधानले त सुशीला कार्कीलाई चिन्ने कुरा नै थिएन । एकाएक जेनजीको नाममा प्रधानमन्त्री त्यो पनि काठमाडौंका मेयर बालेन शाहको प्रस्ताव र सिफारिसमा प्रधानमन्त्री बन्ने अनि फेरि यही पुरानै संविधानअन्तर्गत शपथ लिई सरकार बनाउने र यही सरकारले फेरि सदन भंग गर्ने र चुनाव सम्पन्न गराउने यो सबै गलत छ । सम्भव त सर्वोच्च अदालतलाई कही कतैबाट दबाब र प्रभाव नपारिए यो सरकार खारेज भई पुनः संसद र सदन पुनर्स्थापना नै हुने देखिन्छ । आखिर जेनजी आन्दोलन र विद्रोहलाई पनि ठूलो षडयन्त्र र धोका हुने देखिदैछ ।

नेपालमा यस्ता ठूलठूला आन्दोलन र विद्रोह हुने गरेका छन् । तर यी सबै यस्तै कुनै न कुनै षड्यन्त्र र धोकामा टुंगिने गरेका छन् । २००७ सालको निरंकुश र जहानियाँ राजा शासन सत्ताको अन्त्य भए पनि पछि २०१७ सालमा श्री ३ का ठाउँमा श्री ५, राजा महेन्द्रले फौजी कु गरी निरंकुश पञ्चायती शासन सत्ता संचालन गरे । त्यस्तै २०४५।०४६ सालको जनआन्दोलनले निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थाको थालनी भए पनि पछि २०६० सालमा राजा ज्ञानेन्द्रले पुनः सत्ता कब्जा गरी निरंकुश शासन व्यवस्था सञ्चालन गर्ने प्रयत्न गरे । यसको विरुद्धमा २०६२।०६३ सालमा माओवादी जनयुद्धको जगमा सर्वदलीय संयुक्त जनआन्दोलनको बलमा निरंकुश राजतन्त्रको अन्त्य गरी देशमा गणतन्त्र आयो । तर यो गणतन्त्रले पनि देश र जनताको हितमा भन्दा पार्टी नेताहरुकै हितमा काम गर्न थालेकाले व्यापक जन असन्तोषकै माझमा यो जेनजी आन्दोलन र विद्रोह भएको थियो । तर यसलाई पनि देशी तथा विदेशी शक्ति केन्द्रहरुले अपहरण गरी राष्ट्रघात र जनघातमा बदलिन सक्ने सम्भावना बढेर जान थालेको छ ।

कांग्रेस-एमाले र माओवादीहरुको आक्रोशमा जेनजीहरुले आन्दोलन गरी एक प्रकारले सत्ता नै कब्जा गर्न सफल भए । तर त्यसको नेतृत्व चाहिं यिनीहरुले गर्न सकेनन् । उल्टै राष्ट्रघाती विदेशी दलाल बालेन-सुदन हुँदै नेतृत्व सुशीला कार्कीलाई सुम्पिएको छ । उनीमार्फत् अहिले यो वर्तमान सरकार विदेशी एनजीओ र आइएनजीओ मातहत सञ्चालन भइरहेको छ । वर्षौंदेखि नेपालमा यस्ता विदेशी संस्थाहरु सञ्चालन भई नै रहेका थिए । यिनीहरुको काम खाली विदेशी डलर पचाउने मात्रमा सीमित थियो । त्यही भएर अमेरिकी राष्ट्रपति डोनाल्ट ट्रमले यी सबलाई फ्रड अर्थात् ठग भनी सब अनुदान बन्द गर्ने धम्की दिइसकेका थिए ।

यी सबैको ओठमुख तालु सबै सुकिसकेको थियो । तर फेरि यी सबै बिन्ती बिसाउन केही समय पहिले बालेन शाहको नेतृत्वमा अमेरिका पुगेका थिए । आखिर त्यसैको प्रतिफल यो जेनजी आन्दोलन र त्यसलाई अपहरण गरी यति ठूलो नरसंहार, तोडफोड र आगजनी मच्याइएको छ । सुनिदै छ अब यो सबको क्षतिपूर्ति पुनर्निर्माण सबै यिनै एनजीओ मार्फत अमेरिकी सरकारबाट गरिंदैछ । त्यसको लागि पुनः बालेन-सुदनलगायत सरकारको एउटा टोली अमेरिका जाँदैछ ।

तैपनि अमेरिकाले अहिले तत्काल यो सब गरिहाल्ने अवस्थामा छैन । यी सबै फ्रड हुन भन्ने उसले बुझिसकेको छ । बरु अब नेपालका पुरानै दल र दल नेताहरुमार्फत् नै यो सब गराउनेमा अमेरिका देखिन थालेको छ । कांग्रेसमा देउवा, एमालेमा ओली र माओवादीमा प्रचण्डलाई आउट पारेर कांग्रेसमा गगन, एमालेमा विष्णु पौडेल र माओवादीमा जनार्दनलाई इन अर्थात् अर्को नयाँ नेतृत्व स्थापित गराउने प्रपञ्चमा पश्चिमा शक्ति केन्द्र लागि परेको भन्ने पनि बुझ्न थालिएको छ । पुरानालाई आउट नयाँलाई इन दलहरुमा मात्रै होइन एनजीओ र आइएनजीओभित्र पनि यो गरिदैछ । बालेन-सुदन, सुशीला र यी हालका केही मन्त्रीहरु आम नेपाली जनताका सामु नाङ्गिसके, विदेशी दलाल भनी गनाइसके । त्यसकारण पनि अब यिनीहरुमार्फत् यो देशमा केही हुनेवाला छैन भन्ने कुरा विदेशी साम्राज्यवादी राष्ट्रहरुले बुझिसकेका छन् ।

# नेप्से परिसूचक १८.४० अंकले घट्यो



काठमाडौं । बिहीबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) सूचकमा १८.४० अंकको गिरावट आएको छ । कारोबार बन्द हुँदा नेप्से सूचक २४८७.१७ विन्दुमा पुगेको छ ।

बजारमा कुल ३ अर्ब १९ करोड ६२ लाख ९० हजार २१८ रुपैयाँ ७६ पैसा बराबरको सेयर कारोबार भएको छ । यसमा ७५ लाख १५ हजार १७८ कित्ता सेयर समावेश छन् । ३०९ स्क्रिपका ३५ हजार ८३७ वटा कारोबारमार्फत उक्त कारोबार भएको हो ।

बजारमा ३७ वटा कम्पनीको मूल्य बढेको छ । २०४ वटाको मूल्य घट्दा ८ वटाको स्थिर रहेको छ । आज बैंकिङ र म्युचुअल फण्ड समूहमा सामान्य सुधार देखिँदा अन्य समूहका सूचक घटेका छन् । सबैभन्दा धेरै गिरावट अन्य समूहमा देखिएको छ ।

हिमालयन पावर पार्टनरले सबैभन्दा धेरै अर्थात् ९.९३ प्रतिशत कमाउँदा समाज लघुवित्त नकारात्मक सर्किटसहित सबैभन्दा धेरै गुमाउने स्क्रिप बनेको छ ।

सबैभन्दा बढी कारोबार हुने कम्पनीमा मुक्तिनाथ विकास बैंक रहेको छ, जसको १५ करोड २२ लाख बराबरको कारोबार भएको छ । त्यस्तै, नेपाल पुनर्बीमा कम्पनी १२ करोड ६४ लाख, शिवम् सिमेन्ट्स ११ करोड २६ लाख हिमालयन रिइन्स्योरेन्सको ९ करोड ४२ लाख बराबरको कारोबार भयो ।


# KAWASOTI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

First Date of Publication: 2082/06/31

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under Sealed Quotation(SQ).

| S. no | Contract Nos.and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT& contingency including PS) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/KM/ SQ/ WORKS/ 2082/83 | Govinda Sapkotako Ghar Dekhi Dakshin Shanti Tol Jodne Batoma Inter locking Block Lagaune Kaam, Wada No. 8 | 12,97,355.09 | 2082/07/14 up to 12:00 noon | 75 days | 35,000/- | 1,000.00/- |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

**Chief Executive Officer**